मन्त्रालय (मा. मन्त्रीस्तरीय) बाट स्वीकृत मिति : २०७७/६/१२

प्रदेशस्तरमा अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक सम्बन्धी शशर्त अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन- २०७७

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आ.व. २०७७/७८ को बजेटबाट अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री तथा पुनर्स्थापना र ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभव अन्तर पुस्ता हस्तान्तरणका लागि प्रदेश सामाजिक विकास मन्त्रालयमा सर्शत अनुदानको रुपमा पठाएको रकम खर्च गर्ने सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहाय बमोजिमको मार्गदर्शन बनाएको छ ।

१. अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री तथा पुनर्स्थापन

नेपालको संविधान अनुसार जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धि विषय स्थानीय तहको अधिकारक्षेत्र भित्र रहे पनि अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुको सेवा, संरक्षण तथा सामाजिक सुरक्षा लगायतका विषयको दायित्व तिनै तहका सरकारहरुको हुने व्यवस्था छ। उपयुक्त सन्दर्भमा यस क्षेत्रका नीति, कार्यक्रम निर्माण तथा संचालनका बिषयमा सहकार्य तथा साझेदारी गर्ने नीति अन्तर्गत आर्थिक बर्ष २०७७/०७८ मा प्रदेशस्तरबाट कार्यक्रम संचालन हुनेगरी शशर्त अनुदान सम्बन्धि कार्यक्रम राखिएको हो । यसरी उपलब्ध शशर्त अनुदानको रकम खर्च गर्दा देहाय बमोजिमको मार्गदर्शन अनुसार कार्यक्रम संचालन गर्नुपर्नेछ :

(क) कार्यक्रम संचालन गर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री उपलब्ध गराउन वा पुनर्स्थापन सम्बन्धी कार्यक्रम संचालन गर्नका लागि मात्र खर्च गर्नुपर्नेछ।

(ख) अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सहायक सामाग्री उपलब्ध गराउन खर्च गर्न सकिनेछ र उक्त कार्यका लागि प्रदेश तथा स्थानीय तहबाट निर्धारित बजेट कार्यक्रम समेत दोहोरो नपर्ने गरि संयुक्तरुपमा संचालन गर्न सकिनेछ।

(ग) सहायक सामाग्री सम्बन्धी कार्यक्रम संचालन गर्दा बिगत देखि सहायक सामाग्री उत्पादन तथा वितरण सम्बन्धी कार्यक्रम संचालन गर्दै आएका गैर सरकारी संस्थासँगको साझेदारीमा वा प्रदेश सरकार आफैले संचालन गर्न सक्नेछ।

(घ) अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापना कार्यक्रम संचालन गर्दा पूर्ण तथा अति अशक्त अपाङ्गता भएका साहराबिहीन अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना कार्यक्रम संचालनलाई प्राथमिकता दिनु पर्नेछ।

(ङ) पुनर्स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरि प्रदान गरिने चिकित्सकीय सेवा, जिवनोपयोगी सिपमुलक तथा ब्यवसायीक तालिम, सहायक सामाग्री, औषधिउपचार, नियमित परामर्श सेवा, शैक्षिक तथा आर्थिक कार्यक्रम तथा सहाराविहीन अपाङ्गता भएका व्यक्तिका लागि संचालन गरिने आवास कार्यक्रम संचालन गर्न सकिनेछ ।

२. ज्येष्ठ नागरिकमा भएको ज्ञान, सिप र अनुभव अन्तरपुस्ता हस्तान्तरण

ज्येष्ठ नागरिक हामी सबैको आदर्श र अग्रज व्यक्तित्व हुन् भने परिवारका संरक्षक, पथप्रदर्शक, ज्ञान र अनुभवका खानीका साथै मुलुकका लागि अमूल्य निधि र वास्तविक सम्पत्ति हुन । ज्येष्ठ नागरिकलाई जिउँदो इतिहास तथा जीवन्त पुस्तकालयको रुपमा लिने गरिन्छ । ज्येष्ठ नागरिक हामी सबैको लागि अग्रज मात्र हैन सम्मानित र मर्यादित व्यक्तित्व पनि हुन् । ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले साठी वर्ष उमेर पूरा गरेका नागरिकलाई ज्येष्ठ नागरिकको रुपमा परिभाषा गरेको छ । ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने प्रस्तावनामा उल्लेख भएको छ । संविधान र कानूनले ज्येष्ठ नागरिकका लागि विभिन्न सेवा तथा प्राथमिकता दिइदै आएको भएपनि अझै पनि अपेक्षाकृत रुपमा व्यवस्थित र सहज हुन सकेको छैन । अन्तरपुस्ता ज्ञान, सीप र अनुभवको हस्तान्तरण सम्बन्धी कार्यक्रमको मूल उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभवलाई राज्यको सम्पतिको रुपमा स्वीकार गरी त्यसको संरक्षण र राज्यको विकास र उन्नतिमा उपयोग गर्ने ।

(ख) विभिन्न कार्यक्रम, योजना, नीति निर्माण गर्दा उनीहरुको अनुभवको आधारमा निर्माण र कार्यान्वयन गर्न सहयोग प्राप्त गर्ने ।

(ग) ज्येष्ठ नागरिकमा भएको सीप र अनुभवलाई नयाँ पीढिमा हस्तान्तरण गर्नुको साथै ज्येष्ठ नागरिकलाई समाजमा घुलमिल गराउन र निरन्तर सक्रिय र सिर्जनसील बनाई राख्ने ।

(घ) विगत लामो समयसम्म काम गरेका अनुभव र सीपका विषयलाई सदैव जीवित राखी समाज, समुदाय र मुलुकको लागि उपयोग र भावी पीढिलाई उपहारको रुपमा संरक्षण गर्ने ।

२.१ ज्ञान, सीप र अनुभवको वर्गीकरण

ज्येष्ठ नागरिक विभिन्न भूगोल, संस्कृति र रहनसहनमा रहेर आफनो जीवनलाई व्यतित गरेका हुन्छन भने कुनै एक निश्चित स्थानमा रहेर पनि विभिन्न पेशा, व्यवसाय र क्षेत्रमा काम गरेको वा आफनो ज्ञान, सीप र अनुभवलाई परिवार, समुदाय र मुलुकलाई उपलब्ध गराईरहेका हुन्छन् । कोही सामाजिक रुपमा, राष्ट्रको राष्ट्रसेवक, शिक्षा क्षेत्रमा लामो समय योगदान गरेका तथा अन्य विषयमा संलग्न भई काम गरी आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई पूर्ण उपयोग गर्न र नयाँ पीढिमा सहज रुपमा हस्तान्तरण गर्नको लागि राज्यले प्रयास गरिरहेको छ । अतः ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई निम्न माध्यमबाट वर्गीकरण गर्न सकिन्छ :

- प्रशासनिक र राज्य सञ्चालन सम्बन्धी
- इतिहास, शिक्षा र शैक्षिक गतिविधि सम्बन्धी
- नीति, योजना र रणनीति
- सामाजिक, सांस्कृतिक र स्थानीय परम्परा र रहनसहन आदि

२.२ ज्ञान, सीप र अनुभव उपयोग गर्न सकिने क्षेत्रहरु

ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई जुनसुकै क्षेत्रमा पनि प्रयोग गर्न सकिन्छ । यद्यपी कार्यक्रमलाई सहजना र व्यवस्थित गर्नका लागि देहायको क्षेत्रमा कार्यक्रम संचालन गर्दा उपयुक्त हुने देखिन्छ:

- विद्यालय तथा विश्वविद्यालयस्तरमा ज्येष्ठ नागरिकलाई केन्द्रित गरी पाहुना कक्ष संचालन गर्ने ।
- स्थानीय तहको वडादेखि नै कार्यक्रमहरु तय गर्दा प्रत्यक्ष सहभागिता गराउने ।
- समिति गठन गरी संचालन हुने कुनै पनि विकासका कार्यहरुमा ज्येष्ठ नागरिकलाई सक्रिय सहभागिता गराउने ।
- आफूले परम्परादेखि गर्दै आएका ज्ञान, सीप जस्तै बाँस, मालिङ्गो, फलाम, सुन, ढुङ्गा, माटो आदिबाट निर्माण गरिने सामग्रीहरु (डोको डालो बुन्ने, हँसिया खुकुरी बनाउने, मूर्ति, गहना, झ्यालढोका, दराज, खाट इत्यादि)
- जेष्ठ नागरिक मिलन केन्द्र मार्फत अनुभव, सभ्यता तथा संस्कृति सम्बन्धि ज्ञान हस्तान्तरण गर्ने ।

३. विविध

३.१ प्रदेश सरकारले कार्यक्रम संचालन गर्दा स्थानीय तहसँग साझेदारी गरी संचालन गर्न सक्नेछ।

३.२ कार्यक्रम सम्बन्धी खर्च तथा खर्चको लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

३.३ कार्यक्रम सञ्चालन भएपछि सो को चौमासिकरुपमा प्रगति अनिवार्यरुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्नेछ ।